# प्रदेश सभा
## सुदूरपश्चिम प्रदेश
२०७६/०४/०२
चौथो अधिवेशन
(२८औं बैठक)
बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरू,**

यस सभाको चौथो अधिवेशनको २८औं बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

२. **माननीय सदस्यहरु,**

अब विशेष समय शुरु हुन्छ ।

३. **माननीय सदस्यहरू,**

प्रदेश सभा नियमावली २०७४ को नियम ५७ बमोजिम समसामयिक विषयमा बोल्न विशेष समय माग भई आएकोले माननीय भरत बहादुर खड्कालाई विशेष समय प्रदान गरेको छु ।

**माननीय भरत बहादुर खड्का**

सभामुख महोदय, म सभामुख महोदयलाइ हार्दिक धन्यवाद दिन चाहान्छु । केही समसामयिक विषयमा मलाइ केही बोल्ने मौका दिनुभएकोमा । यो १०/११ दिन अगाडी महेन्द्रनगरको भिमदत्त नगरपालिका वडा नं. १७ मा एउटा माधव कलौनी भन्ने विद्यार्थी जो ९ कक्षामा अध्ययन गर्दै थिएँ । मालिका विद्यालयमा त्यहाँ शिक्षकको कुटाइले गर्दाखेरी विभिन्न हस्पिटलमा उपचार गरियो तर निको भएन । उपचारकै क्रममा निधन भएको भन्ने कुराहरु हामीलाइ जानकारी भयो र आज १०/११ दिन भयो त्यो लाश महाकाली अंचल अस्पतालमा रहेको छ सभामुख महोदय । विद्यालय भनेको एउटा पवित्र मन्दिर हो । आज विद्यार्थी त्यो मन्दिर भित्र सुरक्षित हुन सकेको अवस्था छैन । एकातिर त्यो लहलहाउदो उमेरमा त्यो बच्चा गुमेको छ र अर्को लाश अहिलेसम्म उठाउन सकेको अवस्था छैन । त्यो पिडा उसको घर परिवार आमाबाबुलाइ कस्तो किसिमको पिडा होला । त्यो कल्पना गर्न सकिदैन । यो धेरै ठुलो दुखद घटना हो र मैले यो किन यहाँ सम्मानित सदनमा सभामुख मार्फत किन यहाँ राखेको भन्दा हामीसँग अहिले स्थानीय सरकार छ प्रदेश सरकार पनि छ संघीय सरकार पनि छ । यो कुरालाइ पनि हामी शान्ति सुरक्षाको हिसाबमा त्यहाँ व्यवस्थापन गर्न सक्दैनौं । अनी कानूनी राज्यको अवधारणा विधिको शासन त्यसबाट प्राप्त हुन सक्दैन । त्यसैले दोशीमाथि कडा कारबाही गर्ने यो घटनाको सत्यतथ्य जाँचबुझ गरेर मृतकका परिवारहरुलाइ क्षतिपूर्ति दिने कुरा म सभामुख मार्फत यो सदनमा प्रदेश सरकारलाइ माग गर्न चाहान्छु । साथै केही महिना अगाडी डोटीबाट डडेल्धुरा मेला हेर्न गएका यात्रीहरु जब मेला हेरेर फर्किने क्रममा बस अत्यन्त खचाखच थियो र डडेल्धुराको कोराल भन्ने ठाउमा बस दुर्घटना भयो । करिब करिब ३०/३२ जनाको ज्यान गयो । केही मान्छे अहिले पनि उपचारको क्रममा छन् र मुख्यमन्त्री ज्यू र अर्थमन्त्रीज्युसँग मैले कुरा गरैं धेरै साथीले कुरा गर्नुभो र यो

औषधी हामी निशुल्क गर्छौं मृतकका परिवारलाइ पनि हामी क्षतिपूर्ति दिन्छौं भनेर स्वयं मुख्यमन्त्रीज्यू र अर्थमन्त्रीज्यूले भन्नुभाको थियो । न औषधी उपचारको सुविधा पाए न ति मृतकका परिवारले कुनै किसिमका अहिलेसम्म राहत पाए । मुख्यमन्त्रीज्यूले आफै त्यो कुरा म गर्छु भनेको थियो । म यो कुरा पनि छिटो छरितो ती मृतकका परिवारलाइ राहत दिन पनि आग्रह गर्न चाहान्छु । केही घाइतेहरुकोअवस्था बडा दयनिय छ १०/१२ लाख खर्च गरिसक्यो गरिब मान्छे खेतगडा बेचिसकेको छ अहिले पनि ठिक भएको छैन । काठमाडैका केही हस्पिटलमा छन् त्यसको पनि औषधी उपचारमा प्रदेश सरकारले चासो दिनुपर्छ भन्ने मेरो आग्रह छ । अर्को कुरा डडेल्धुरामा केही दिन अगाडी हस्पिटलमा केही दुखत घटना डाक्टरहरुका माथि घट्यो र हस्पिटल बन्द गरेर डाक्टरहरु प्रदेश सरकारका सामु आए र मुख्यमन्त्रीज्यूले त्यलाइ हल गर्नुभो । तपाइ निश्चिन्त रुपमा जानुहोस र हामी सुरक्षाको अनुभूति दिन्छौं भनेर र म धन्यवाद दिन चाहान्छु । तर जसले घटना घटाएको छ । अहिले डडेलधुरा जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता छ । मिडियाबाट सुन्दै छौं त्यो उजुरीलाइ फिर्ता  लिन धेरै ठुलो मनोवैज्ञानिक दवाव डाक्टरहरुलाइ दिइएको म सुन्नमा आएको छ । एउटा हस्पिटल जस्तो पवित्र ठाउमा एउटा वातावरण बनाएर हामीले त्यहाँबाट सेवा लिने कुरा त हो त गर्ने । डाक्टरहरु माथि हातपात गर्ने भनेको हस्पिटलमा तोड्फोड गर्नुभनेको त्यो त अराजकताको पराकाष्ठा हो । त्यसैले दोषीमाथि वस्तुगत रुपमा त्यसको छानविन गरेर दोषिमाथि कारबाही गर्नुपर्छ र डाक्टरहरुलाइ सरसम्मान सुरक्षाको अनुभुती दिएर त्यहाँ काम गर्ने वातावरण थप सृजना गर्नुपर्छ र मलाइ लाग्छ आज प्रदेश सरकार छ हामीसँग स्थानीय सरकार छ र यी हस्पिटलहरुलाइ दरबन्दी अनुसारको डाक्टरहरु पनि त्यहाँ चाहिन्छ । त्यसैले यसको लागि पनि हामी विशेष प्रबन्ध गरौं र सरकारको अनुभूति दिउ । यो हाम्रो सरकारसँग धेरै चोटी हामीले आग्रह गरेका छौं । किनभने हस्पिटल जस्ता कुराहरु हामीले पहाडका हस्पिटलहरुलाइ पनि ठिक ढंगले बनाउन सकेनौं भने त्यसको चाप तराइमा पर्छ । असन्तुलित हुन्छ त्यसैले सरकारले यसमा पनि ध्यान दियोस । र अर्को कुरा यो एक महिना अगाडि जुन कैलाली कैचनपुरमा ज्यादै क्षति भयो । हजारौं घरका छाना उडेका छन् । अस्तव्यस्त अवस्थामा ति परिवारहरुले आकाशका तारा देखेर साना बच्चाहरु बुढाहरु बुढापाकाहरु आफ्नो एउटा दयनिय जिवन बिताउन बाध्य छन् । म सरकारसँग अनुरोध गर्न चाहान्छु । कति हो राहत दिनुपर्ने । १ डोर सिस्टम गरेर कसैले पहुँचको आधारमा धेरै पाउने कसैकहाँ राहतै पुगेको छैन । यलाइ प्रदेश सरकारले स्थानीय सरकारले दुइटैले समन्वय गरेर १ डोर सिस्टम बनाएर बास्तविक पिडित मान्छेलाइ राहत चाँडो भन्दा चाँडो पुग्नु जरुरी छ अहिले पनि राहत नपाएको धेरै गुनासो आएको छ । म सभामुख मार्फत सम्मानित सदन मार्फत सरकारलाइ हार्दिक अनुरोध गर्न चाहान्छु । साथै केरा खेतीमा पनि धेरै ठुलो नोक्सानी भएको छ कैलाली कंचनपुरमा कुखुरा पालनमा पनि उद्योगीहरुलाइ पनि धेरै करोडौको क्षति भएको छ । यसता कुराहरुलाइ पनि प्रदेश सरकारले ध्यान दियोस भन्ने कुरा म माग गर्न चाहान्छु । अन्तमा यो हरैयाको धेरै ठुलो कुरा आएको छ मिडीयामा आएको छ । हरैया भन्ने ठाउमा जो बसोबास गरेका छन् । त्यो बसोबास कस्ले गराएको हो । त्यसको खोजबिन हुनु जरुरी छ । सरकारले हरेक व्यक्तिको जिउधनको सुरक्षा गर्नुपर्ने दायित्वहुन्छ । कसैको सम्पत्तिलाइ कसैले कब्जा गर्न पाउदैन । तर त्यो किन राखियो र अहिले यो बेला त्यहाँ गुण्डागर्धी लगाएर वर्षायाममा त्यो बस्तीका मान्छेहरुलाइ बिचल्ली पार्ने काम मिडियामा धेरै आएको छ । त्यो मानवीय रुपमा ठीक होइन । कानूनी रुपमा उनीहरु गैरकानूनी रुपमा बसेका छन् भने सरकारले कानूनी रुपमा उलाइ सही ढंगले व्यवस्थापन गर्ने एउटा मानवीय रुपमा र कानूनी रुपमा सरकारको दायित्व भएको हुनाले प्रदेश सरकार त्यसमा पनि अग्रसर हुनुपर्यो । र

अन्तमा म के भन्न चाहान्छु भने ति घटनाहरु एउटा प्रतिनिधिमुलक पात्र मात्र हुन आज शान्ति सुरक्षाको सवालमा आज यो समाजमा यो ठाउमा महंगाइ बढेको छ बजारको अनुगमन छैन नियमन छैन । तरकारीको भाउ ज्यादै आकासिएको छ । साधारण मान्छेले किनेर खान सक्ने अवस्था छैन । धेरै वस्तुहरुको भाउ अनावश्यक रुपले बढेको छ । शान्ति सुरक्षा धेरै कमजोर भएको छ । त्यसैले प्रदेश सरकारको अनुभूति हुने किसिमले एउटा प्लान बनाएर आफुसँग भएका Wills हरुलाइ एउटा राम्रोसँग व्यवस्थापन गरेर संचालन गर्नेहो भने धेरै कुराहरुको व्यवस्थापन हुन सक्छ । त्यसैले हाम्रो आग्रह के हो भने यी किसिमका विकृतिहरुलाइ कसरी व्यवस्थापन गरेर जनतालाइ एउटा सुशासनको अनुभुति कानूनि राज्यको अनुभूति र अब कमसेकम अब हामी शान्तिको अनुभुति दिलाउने किसिमले हामी सबै मिलौं र यि कुराहरुलाइ स्थापित गर्न हामी सरकारलाइ सहयोग गर्न तयार छौं । प्रदेश सरकार यो कछुवाको गतिमा हिड्ने होइन । अन्तमा मैले एउटा कुरा भुलें । केही दिन अगाडी यो प्रदेश सभा अवरुद्ध गरेका थियौं र सरकारसँग धेरै चोटी वार्ता भयो र त्यो वार्तामा एउटा भद्र सहमति भएको छ । हामीले कम्मल ओडेर कुनै त्यहाँ घिउ खाएको छैन । त्यो भद्र सहमतिले ५३ जना सांसदहरुलाइ सम्मानजनक ढंगले बिश्वासमा लिएर सदनलाइ सम्मान गर्ने ५३ जना सांसदहरुलाइ विश्वासमा लिएर व्यवस्थापन गर्नुपर्छ यै बजेटभित्रबाट भनेर हाम्रो भद्र सहमति भएको थियो र मुख्यमन्त्रीज्यूले यो रोस्टमबाट पनि बोल्नुभएको छ र अर्थमन्त्रीज्यूले पनि बोल्नुभएको छ मैले यो स्मरण किन गरेको भन्दा अब वर्षे सदन पनि हामी अन्त्यतिर पुगेका छौं । यो अन्त्य हुनुभन्दा अगाडी यो सदनलाइ सम्मान गर्दै ५३ जना मुख्यमन्त्रीज्यूसहितलाइ हो है ५३ जनालाइ यसै बजेटबाट सम्मानजनक रुपमा योजनाहरुको व्यवस्थापन गर्न म सभामुखज्यू मार्फत सम्मानित सदनबाट आग्रह गर्न चाहान्छु । यो हप्ता भित्र नै यसको व्यवस्थापन गर्न माग गर्दै विदाहुन्छु धन्यवाद ।

*(बोली सकेपछि)*

**४. माननीय सदस्यहरु,**

आजको विशेष समय यही समाप्त हुन्छ ।

**५. माननीय सदस्यहरु,**

अब, **"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथिको कार्यवाही प्रारम्भ हुन्छ ।

**६. माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथि दफावार छलफलको कार्य समाप्त भएपश्चात सामाजिक विकास समितिबाट तयार भएको प्रतिबेदन सचिवालयमा दर्ता हुन आएको जानकारी गराउँछु ।

***(जानकारी गराएपछि)***

**७. माननीय सदस्यहरु,**

अब म सामाजिक विकास समितिका सभापति माननीय कुन्ति जोशीलाई **"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथि

दफावार छलफलको कार्य समाप्त भए पश्चात तयार पारिएको प्रतिबेदनलाई प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

*(प्रतिबेदन प्रस्तुत गरेपछि)*

**८. माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम आयुर्वेद प्रतिष्ठान स्थापना र संचालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथिको आजको कार्यवाही यही समाप्त हुन्छ ।

**९. माननीय सदस्यहरू,**

प्रदेश सभा नियमावली २०७४ को नियम १३ बमोजिम गठित कार्य व्यवस्था परामर्श समितिको सदस्य पदमा माननीय बलदेव रेग्मीलाई मनोनयन गरिएको व्यहोरा जानकारी गराउँछु ।

*(जानकारी गराएपछि)*

**१०. माननीय सदस्यहरु,**

प्रदेश सभा नियमावली, २०७४ को नियम १९७ को उपनियम २(ग) बमोजिम गठित आचरण अनुगमन समितिको सदस्यमा सभामा प्रतिनिधित्व गर्ने संसदीय दलका प्रमुख सचेतकहरुबाट सिफारीस भई आए बमोजिम तपशिलका माननीय सदस्यहरुलाई मनोनयन गरिएको व्यहोरा जानकारी गराउँछु ।

१. माननीय अक्कल बहादुर रावल - सदस्य
२. माननीय कुलवीर चौधरी - सदस्य
३. माननीय शान्ती नेपाली - सदस्य
४. माननीय कर्ण बहादुर मल्ल - सदस्य
५. माननीय मालामति कुमारी राना - सदस्य

**११. माननीय सदस्यहरु,**

आजको बैठकको कार्यर्वाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७६ साल श्रावण ०३ गते शुक्रबार दिनको २:०० बजे बस्ने भएकोले उक्त समय सम्मको लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।